# बदलिँदो दाम्पत्य

[ टिप्पणी ]



कैलाश राई

सामाजिक संस्थाको रूपमा विवाह र परिवारको संरचना लैंगिक रूपमा विभेदित संस्कृति र परम्पराको जगमा खडा भएको हो। विवाह र प्रजननका माध्यमबाट महिला र परिवारको सम्बन्ध परिभाषित छ।

विवाहसँग पुरुष र उसको परिवारको सुविधा-असुविधा गाँसिएका छन्। प्रजनन र मातृत्व, बालबच्चा एवं घरपरिवारका सदस्यको स्याहारसुसार, आफन्तजन तथा अतिथिको सत्कारसम्म जोडिएका छन्। पुरुष र उसको सुविधा-असुविधाका आधारमा यी सबै कामलाई महिलाको कर्तव्य बनाइयो। यी काम गर्न महिलाले 'प्राकृतिक' गुण लिएर आएको हुन्छ भनेर भाष्य निर्माण गरियो। निजी क्षेत्र महिलालाई र सार्वजनिक क्षेत्र पुरुषलाई जिम्मा लगाइयो।

वैदेशिक रोजगारको क्रम व्यापक हुँदै जाँदा खासगरी पुरुष सँगसँगै महिला पनि जान थालेपछि नेपाली समाजको पारिवारिक-सामाजिक-सांस्कृतिक अभ्यासमा तीव्र परिवर्तन हुन थाल्यो। सामाजिक तथा पारिवारिक लैंगिक संरचना र व्यवहार बदलिन थाले। महिलाको लैंगिक भूमिका फेरिँदै गयो। उनीहरूको हिँडडुल र कार्यक्षेत्र फैलियो। त्यस्तो फेरबदलले पितृसत्तात्मक नेपाली समाजको आपसी लैंगिक व्यवहार र सम्बन्धमा सोझै प्रहार गर्‍यो। वैदेशिक रोजगारको प्रभाव तथा सामाजिक मूल्यको रूपमा बहुविवाह, विवाहइतरका सम्बन्ध, सम्बन्धविच्छेद, दोस्रो विवाह, लैंगिक तथा घरेलु हिंसा, आर्थिक फुर्मासीपन र मनोरन्जनात्मक क्रियाकलापमा हुने संलग्नतामा वृद्धिका घटना बढ्दो क्रममा छन्।

वैवाहिक सम्बन्ध टुट्नु, अभिभावकीय ममताको अभावमा बालबच्चामा नकारात्मक प्रभाव पर्नु, परिवारका सदस्यमा स्याहारसुसार अभाव हुनुजस्ता घटनामा पुरुषलाई भन्दा महिलालाई बढी जिम्मेवार ठहर्‍याइन्छ। यस्ता घटना हुन नदिने कर्तव्य महिलाको हो भन्ने धारणा व्याप्त छ किनकि समाजसँग महिला र पुरुषको सम्बन्ध फरक-फरक किसिमले संरचित छ। परिवारसँगको महिला पुरुषको सम्बन्ध पनि बेग्लाबेग्लै आधारमा निहित छ। बच्चासँग आमाबाबुको सम्बन्ध पनि अलग-अलग तरिकाले निर्माण गरिएको छ। त्यसैले महिला र पुरुषका लागि समाज र परिवारमा भिन्नाभिन्नै मापदण्ड प्रयोग गरिन्छ। घरको पुरुष वैदेशिक रोजगारीमा गएपछि महिला घरमै रहँदा होस् वा तिनी आफैँ वैदेशिक रोजगारीमा जाँदा होस्, उनीहरूमध्ये धेरैजसोले सामाजिक अवगाल र चरित्र हत्याको सामना गर्छन्।

वैदेशिक रोजगारमा गएकाहरूको परिवारमा एक्लोपन, मानसिक तनाव, अतिरिक्त कार्यबोझ र दह्रो सामाजिक निगरानी हुने गर्छ। सामाजिक निगरानीकै माध्यमबाट निकालिएको निर्क्योलअन्तर्गत वैदेशिक रोजगारीले पारिवारिक विखण्डन भएका घटना धेरै सुनिन्छ। छापा माध्यममा पनि बाक्लै पढ्न पाइन्छ। गत मंसिरमा लैंगिक हिंसाविरुद्ध १६ दिने अभियान उद्घाटन कार्यक्रममा प्रदेश ५ का सामाजिक विकासमन्त्री सुदर्शन बरालले भनेका थिए, 'लैंगिक हिंसाको मुख्य कारण वैदेशिक रोजगार र त्यसबाट आउने रेमिट्यान्स हो। वैदेशिक रोजगारीले हाम्रो समाज र परिवार छिन्नभिन्न भएको छ।' त्यही भनाइ पुष्टि गर्ने गरी गत ५ जेठमा 'वैदेशिक रोजगारीले दाम्पत्यमा फाटो' शीर्षकमा *कान्तिपुर*मा समाचार छापियो, जसअनुसार बुटवल उपमहानगरमा ०७५/७६ को १० महिनाभित्र सम्बन्धविच्छेदका लागि ६४० जनाले जिल्ला अदालतमा मुद्दा दर्ता गरे। अघिल्लो आर्थिक वर्षमा भने ५ सय १० जोडीले सम्बन्धविच्छेद गरेका थिए। त्यसको कारण वैदेशिक रोजगारले निम्त्याएको विवाद हो भनिएको छ।

तर वैदेशिक रोजगार र विप्रेषणले नेपाली समाजको पारिवारिक एवं दाम्पत्य सम्बन्ध भत्किँदै गएको भन्ने बुझाइ आंशिक हो र उत्तिकै सतही पनि। वैदेशिक रोजगार आफैँमा सकारात्मक वा नकारात्मक ऊर्जा-शक्ति होइन, जसले स्वतःस्फूर्त नेपाली समाजको विवाहरूपी पारिवारिक संस्थागत संरचना बलियो पार्ने वा बिथोल्ने गर्छ। समाजको सामाजिक संरचना र अभ्यासअनुरूप त्यसले आफ्नो प्रभाव फैलाउने हो।

पारिवारिक विखण्डनको रूपमा प्रभाव फैलिँदै जाँदा त्यसको 'कर्ता' मा बढीजसो महिलालाई उभ्याउने गरिन्छ। श्रीमान्लाई छाडेर श्रीमती विदेश गएपछि श्रीमान्ले दोस्रो विवाह गर्नु स्वाभाविक हो। श्रीमान् विदेश गएपछि श्रीमतीले आफ्नो 'मानथान' मा नबस्नु अस्वाभाविक हो। सुरक्षित वैदेशिक रोजगार परियोजनाको एक अध्ययनले देखायो- वैदेशिक रोजगारमा गएका ८ हजार ९ सय ३३ घरपरिवारमा श्रीमती विदेश गएकामा ३६ प्रतिशत श्रीमान्ले दोस्रो विवाह गरेका छन्। श्रीमान् विदेश गएकामा २ प्रतिशत श्रीमतीले दोस्रो विवाह गरेका छन्। कानुनतः महिला र पुरुषले सम्बन्धविच्छेदपछि दोस्रो विवाह गर्ने समान अधिकार पाए पनि महिलाको दोस्रो विवाहलाई सामाजिक तथा पारिवारिक स्वीकृति मिल्न सहज छैन। श्रीमान्सँग सम्बन्धविच्छेद नै नगरीकन दोस्रो विवाह गरेको खण्डमा त्यसको (दुष्) परिणाम के-के हुन सक्छन् वा त्यसबापत महिलाले कस्तो मूल्य चुकाउनुपर्छ भन्ने सजिलै अनुमान लगाउन सकिँदैन।

वैदेशिक रोजगारमा गएका परिवारमा कलह उब्जिनु,



> दाम्पत्य सम्बन्धमा देखिएको समस्यामा वैदेशिक रोजगार र महिला केन्द्रीय विषय बन्न पुगेका छन् ।

वैवाहिक सम्बन्ध टुट्नु, अर्को विवाह गर्नुमा महिला पुरुष दुवैको भूमिका, आवश्यकता र व्यवहारको पक्ष उत्तिकै जिम्मेवार छ। तर जुनसुकै मूल्य चुकाउनुपरे पनि घरपरिवारको बलियो मियोको काम गर्दै महिलाले वैवाहिक सम्बन्ध धानिराख्नैपर्ने सोच बलियो छ। वैदेशिक रोजगारमा गएका परिवारमा हुर्कंदै गरेका अधिकांश बालबच्चामा समेत यही सोच पुस्तान्तरण भइरहेको छ। केही महिलाले भने त्यस्तो सोच त्याग्न थाले। अमेल र तनावपूर्ण सम्बन्ध टिकाइराख्नुको सट्टा जिल्ला अदालतसम्म गएर सम्बन्धविच्छेदको मुद्दा दायर गर्न थाले। आफूले पाउनुपर्ने क्षतिपूर्ति वा सम्पत्तिमाथि हकदाबी गर्न थाले।

महिलाका त्यस्तो कदमलाई नेपाली समाजको पारिवारिक र विवाहको मूल्य-मान्यतामा परिवर्तन ल्याउने सक्रिय क्रियाकलाप मानियो। महिला 'सुखी' परिवार भाँड्ने र अनेक दुर्घटना निम्त्याउने 'तत्त्व' मा दरिन थाले। गत १३ जेठमा *नेपाल* साप्ताहिकमा 'दाम्पत्यमा दरार आएपछि...' शीर्षकमा समाचार छापियो। उक्त समाचार ६ जेठमा प्रदेश १ को पाँचथरको मिक्लाजुङ-३ आरुबोटेमा दुई परिवारका चार बालिकासहित नौ जनाको हत्या घटनामा केन्द्रित थियो। समाचारमा वैदेशिक रोजगारमा गएर पैसा कमाउन नसकेका पतिप्रति पत्नीको असन्तुष्टि र पत्नीले सम्बन्धविच्छेदको मुद्दा दायर गर्नुलाई घटना हुनुको कारण ठहऱ्याइएको छ। उक्त असाधारण घटना वैदेशिक रोजगार र वैवाहिक सम्बन्धमा आएको फाटोसँग जोडिएको प्रस्टै छ।

मुख्यत: वैदेशिक रोजगार र विप्रेषणलाई जीवनपद्धतिको अभिन्न अंग बनाएको नेपाली समाजमा त्यसको दुष्परिणाम र प्रभावको सही व्यवस्थापनको पूर्वसोच राखिएको पाइँदैन। विगतमा वैदेशिक रोजगारलाई व्यवस्थित बनाउने उद्देश्यले केही सरकारी नीति र प्रावधान अपनाइयो। महिलालाई वैदेशिक रोजगारीमा जान तोकिएको उमेर हदबन्दी त्यसैको एउटा कडी थियो। त्यसले वैदेशिक रोजगारमा जाने महिला कामदारलाई झनै जोखिम र समस्यामा पाऱ्यो।

दाम्पत्य जीवन टुट्नु, परिवार छुटफुट हुनु, घरेलु हिंसा हुनुजस्ता घटना विवाह र परिवारको सुरुआतदेखि नै हुँदै आएका छन्। वैदेशिक रोजगारबाट यी पक्ष प्रत्यक्ष प्रभावित भएपछि त्यसको असर गाढा हुँदै गएको छ। वैदेशिक रोजगारसम्बन्धी राम्रा-नराम्रा घटना-कथाबाट निर्माण गरिने भाष्य पुरानै पितृसत्तात्मक सोचअनुरूपका हुने गरेका छन्। त्यसैले नकारात्मक परिणामको 'कर्ता' महिला हो र वैदेशिक रोजगार र विप्रेषणले उसलाई 'कर्ता' बनाएको हो भन्ने अनुमान सहजै लगाउने गरिन्छ, जुन सही हुन पनि सक्छ। र, नहुन पनि। यद्यपि पुरुषको गल्ती क्षमालायक, महिलाको अस्वीकार्य र दण्डनीय पनि। यस्तो सोचका कारण दाम्पत्य सम्बन्ध र परिवारमा देखिएको समस्यामा वैदेशिक रोजगार र महिला केन्द्रीय विषय बन्न पुगेका छन्।

वैदेशिक रोजगारको प्रभावस्वरूप पारिवारिक संरचना र दाम्पत्य सम्बन्धमा देखिएको परिवर्तनलाई सकारात्मक तरिकाले व्यवस्थापन गर्न नसकिएसम्म त्यसको असर गहिरिँदै र फैलिँदै जानेछ। राज्यले वैदेशिक रोजगार तथा विप्रेषणसँगै आउने परिवर्तित सामाजिक-सांस्कृतिक सन्दर्भ र लैंगिक भूमिकासँगै आउने चुनौती व्यवस्थापन, बाधा पन्छाउने बृहत् अनि लैंगिक रूपमा सही नीति निर्माण गर्नु जरुरी छ। समाज र परिवारले त्यस्ता चुनौती र प्रभावसँग जुध्ने सकारात्मक मनस्थिति, संस्कृति र अभ्यासको विकास गर्नु लाभदायी हुनेछ।